नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४/ च.नं. ९६३

मितिः २०८३/०७/१२

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

विषयः चल/अचल सम्पत्ति खोजबिनमा सहजीकरण गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल ट्रष्टको कार्यालय, कमलादीको प.सं.:२०८३/०८४, च.नं. २७६ मिति २०८३/०७/०९ को पत्र मार्फत नेपाल ट्रष्ट ऐन, नेपाल ट्रष्ट नियमावली, २०६४ तथा सम्पत्ति खोजबिन कार्याविधि, २०६७ वमोजिम पूर्व राजा बीरेन्द्र, रानी ऐश्वर्य तथा निजहरुको परिवारको नाममा रहेको वा निजहरुको हक, स्वामित्व वा भोगाधिकार कायम हुन सक्ने नेपाल भित्र रहेको चल तथा अचल सम्पत्ति सम्बन्धी खोजबिन तथा अभिलेखिकरण प्रयोजनार्थ आवश्यक सहजिकरण सम्बन्धी पत्र तथा नेपाल ट्रष्टको सम्पत्ति खोजबिन सम्बन्धी मिति २०८३/०४/२९ को सार्बजनिक सूचनाको छायाँप्रति यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

पुनश्चः जग्गा धनी प्रमाणपूर्जा, जग्गाधनी दर्ता श्रेस्ता, फिल्डबुक वा सो संग सम्बन्धित विवरण/कागजात नेपाल ट्रष्टको कार्यालयको ईमेल: www.nepaltrust.gov.np मा पठाई दिनुहुन ।

२०८३/०७/१२

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री नेपाल ट्रष्टको कार्यालय, कमलादी, काठमाडौ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन।

नेपाल सरकार

नेपाल ट्रष्टको कार्यालय

कमलादी, काठमाडौं

प्र.ई. ९३८२
६।१०

प सं : ०८२।०८८

च. नं. : २८६

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नं.: २५८८
मिति: ६।१०

मिति : २०८३।०७।०९

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं।

विषय : आवश्यक सहजिकरण गरिदिनहुन ।

प्रस्तुत विषयमा नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ बमोजिम पूर्व राजा वीरेन्द्र र निजको परिवारको नाममा रहेको वा हक पुग्ने सम्पत्ति नेपाल ट्रष्ट कोषमा रहने व्यवस्था बमोजिम सोही ऐनको दफा ९ को उपदफा (१) को खण्ड (ख) बमोजिम पूर्व राजा वीरेन्द्र, रानी ऐश्वर्य तथा निजहरुको परिवारको नाममा रहेको वा निजहरुको हक, स्वामित्व वा भोगाधिकार कायम हुन सक्ने नेपाल भित्र रहेको चल तथा अचल सम्पत्ति सम्बन्धी खोजविन तथा अभिलेखीकरणको कार्य भइरहेकोले नेपालका सम्पूर्ण गाउँ कार्यपालिकाको कार्यालय (गाँउपालिका) र नगर कार्यपालिकाको कार्यालय (नगरपालिका) मा नेपाल ट्रष्टको स्वामित्वमा आउन सक्ने सम्पत्तिको खोजविन गरी/गराई तथा सार्वजनिक रुपमा प्रचार प्रसार गरी जग्गा धनी प्रमाणपूर्जा, जग्गा धनी दर्ता श्रेस्ता, फिल्डबुक वा सो सम्बन्धित विवरण/कागजात यस कार्यालयको ईमेल ठेगाना admin@nepaltrust.gov.np मा उपलब्ध गराइदिने व्यवस्था हुन निर्णयानुसार सादर अनुरोध छ ।

संलग्नः-
नेपाल ट्रष्टको सम्पत्ति खोजबिन सम्बन्धी गोरखापत्र तथा नेपाल ट्रष्टको वेवसाइट www.nepaltrust.gov.np मा प्रकाशित मिति २०८३।०४।२९ को सार्वजनिक सूचना

(सोमराज बराल)
उपसचिव एवं
सदस्य सचिव
सघन सम्पत्ति खोजबिन उपसमिति

- [ ] कर्मचारी प्रशासन महाशाखा
- [x] भूमि व्यवस्थापन महाशाखा
- [ ] सङ्घीय मामिला महाशाखा
- [ ] योजना तथा अनुगमन महाशाखा
- [ ] प्रशासन सुधार महाशाखा
- [ ] कानून महाशाखा

६।१०

बोधार्थ:
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं ।

- [x] भूमि प्रशासन शाखा
- [ ] भूमि समस्या व्यवस्थापन शाखा
- [ ] नापनक्शा, भौगोलिक सूचना तथा भू-उपयोग शाखा

६।१९

फोन नं.: ५३२५४६५, ५३२०४५१, Email: admin@nepaltrust.gov.np, Website: www.nepaltrust.gov.np

नेपाल सरकार

नेपाल ट्रस्टको कार्यालय

कमलादी, काठमाडौं

नेपाल ट्रष्टको सम्पत्ति खोजबिन सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३।०४।२९

नेपाल ट्रष्ट ऐन, २०६४, नेपाल ट्रष्ट नियमावली, २०६५ तथा सम्पत्ति खोजबिन कार्यविधि, २०६७ बमोजिम राजा वीरेन्द्र, रानी ऐश्वर्य तथा निजहरूको परिवारको नाममा रहेको वा निजहरूको हक, स्वामित्व वा भोगाधिकार कायम हुन सक्ने चल तथा अचल सम्पत्ति सम्बन्धी खोजबिन तथा अभिलेखीकरणको कार्य भइरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि पुनः अनुरोध छ।

उक्त सम्पत्तिसँग सम्बन्धित तथ्ययुक्त सूचना, प्रमाण, कागजात वा अन्य विवरण वा जानकारी कसैसँग भएमा नेपाल ट्रष्टको कार्यालयमा उपलब्ध गराई सम्पत्ति खोजबिन कार्यमा सहयोग हुन र सूचना उपलब्ध गराइदिन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

पुरस्कारको व्यवस्था : प्राप्त सूचनाका आधारमा सो सम्पत्ति नेपाल ट्रष्टको नाममा कायम हुन आएमा प्रचलित कानून बमोजिम सूचनादातालाई नेपाल ट्रष्ट नियमवाली, २०६४ को नियम ७"क" बमोजिम पत्ता लागेको सम्पत्तिको पाँच प्रतिशत वा रु. दुई लाख मध्ये जुन कम हुन्छ सो बराबरको पुरस्कार समेत प्रदान गरिनेछ।

साथै सूचना उपलब्ध गराउने व्यक्तिबाट अनुरोध भएमा निजको परिचय गोप्य राखिनेछ।

इमेल : admin@nepaltrust.gov.np

Google Forms मा विवरण भर्नु हुनः-

सम्पर्क नं. : ०१- ५३२५४६५, ०१-५३२०४५१

वेवसाइटः https://nepaltrust.gov.np

नेपाल सरकार
नेपाल ट्रष्टको कार्यालय
२०६४

नेपाल सरकार

नेपाल ट्रस्टको कार्यालय

कमलादी, काठमाडौं

नेपाल ट्रष्टको सम्पत्ति खोजबिन सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३।०४।२९

राजा वीरेन्द्र, रानी ऐश्वर्य तथा निजहरूको परिवारको नाममा रहेको वा निजहरूको हक, स्वामित्व वा भोगाधिकार कायम हुन सक्ने चल तथा अचल सम्पत्तिसम्बन्धी तथ्ययुक्त सूचना, प्रमाण, कागजात वा जानकारी भएमा नेपाल ट्रष्टको कार्यालयमा उपलब्ध गराउनुहुन अनुरोध गरिन्छ। विस्तृत सूचनाका लागि www.nepaltrust.gov.np मा हेर्नुहुन अनुरोध छ। सम्पर्क नं. : ०१- ५३२५४६५ ; इमेल : admin@nepaltrust.gov.np